## सिलबन्दी बोलपत्र आह्वानको सूचना

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

# वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग

बबरमहल, काठमाडौं

**मसलन्द, कार्यालय सामान र छपाईका सामान खरिद सम्वन्धि सिलवन्दी वोलपत्रआव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७२/०५/२०

यस विभागको लागि आ.व.२०७२/७३ को लागि आवश्यक पर्ने मसलन्द, कार्यालय सामान र छपाइका सामानहरु (वोलपत्र फाराममा उल्लेख भए अनुसार) वोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट उल्लेखित कार्य गर्न इजाजत प्राप्त गर्नुका साथै मू.अ.कर, स्थायी लेखा नं. र कर चुक्ता गरेका ईच्छुक योग्य आपूर्तिकर्ताहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलवन्दी बोलपत्रआव्हान गरिएको छ

**कामको विवरण: मसलन्द, कार्यालय सामान र छपाईका सामान (बोलपत्रफाराममा उल्लेख भए अनुसार) आपूर्ति गर्नुपर्ने ।**

तपसिल

१) शिलवन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र यस विभागको भण्डार फाँटबाट फर्म दर्ता (नविकरण सहित),आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र पेश गरेको कागजपत्र संलग्न राखी राजश्व दस्तुर बापत नगद रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ

२) खरिद भएका वोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजे भित्र यस विभागको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलवन्दी लाहाछाप गरी यस विभागको भण्डार फाँटमा दर्ता गराउन सकिने छ ।

३) दर्ता भएका बोलपत्रहरु बोलपत्रपेश गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजका प्रतिनिधीहरु र विभागका प्रतिनिधीहरुको रोहवरमा यस विभागमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४) बोलपत्र दाखिला गर्ने अन्तिम दिन एवम् खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि विभाग खुलेको दिन सोही समयमा हुनेछ ।

५) शिलबन्दी बोलपत्रसाथ रु३७,८१७ अक्षेरुपी सैतिस हजार आठ सय सत्र रुपैंया मात्र को.ले.नि.का समन्वय समन्वय कार्यालय बबरमहलको धरौटि खाता नं१२०१२००००१००२५२४मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट बोलपत्र पेश गर्ने अन्तिम मिति बाट कम्तिमा १२० (एक सय बिस) दिन अवधि भएको बिडवण्ड पेश गर्नु पर्नेछ साथै बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत बापत ५ प्रतिशत रकम राख्नु पर्ने छ ।

६) बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ र अन्त्यमा १३ प्रतिशत मू.अ.कर जोडी कूल जम्मा कबोल अंक कायम गर्नु पर्नेछ ।

७) बोलपत्रमा कबोल गरेको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।

८) बोलपत्रमा अस्वाभाविक मूल्य (ज्यादै न्यून वा ज्यादै अधिकतम) उल्लेख भएको पाइएमा त्यस्ता बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही मानिने छैन साथै बोलपत्र स्वीकृत भए पछि बोलपत्र साथ संलग्न सूचि अनुसारको सामानहरुको नमूना पेश गर्नु पर्नेछ ।

९) विभागबाट बिक्रि भएका बोलपत्र फाराममा उल्लेख भएका स्पेशिफिकेशन लगायतका विवरणहरु अध्ययन गरी सो संग सम्बन्धित कागजपत्रहरु अनिवार्य रुपमा संलग्न गरी दरभाउपत्रको प्रत्येक पानाहरुमा हस्ताक्षर गरी फर्मको छाप समेत लगाई पेश गर्नु पर्नेछ ।

१०) बोलपत्र फाराम पेश गर्दा आंफुले उपलब्ध गराउन प्रस्ताव गरिएका सामानहरु विभागबाट स्वीकृत स्पेसिफिकेशसन अनुसारका गुणस्तरीय हुनु पर्नेछ र बोलपत्रस्वीकृत हुने फर्मले विभागबाट माग भएको समयमा पेश भए अनुसारको गुणस्तरीय सामानहरु उपलब्ध गराउनु पर्नेछ सो अनुसार नभएका सामानहरु विभागले स्वीकार गर्ने छैन ।

११) म्याद नाघी आएको, रीत नपुगेको प्रत्येक सामानको दर रेट उल्लेख नगरेको र शर्त राखिएको बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।

१२) एक फर्मको नाममा खरिद गरिएको बोलपत्रअर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१३) बोलपत्रस्वीकृत गर्ने,अस्विकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

१४) सिलवन्दी बोलपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजातहरु सिलबन्दी बोलपत्रसाथ (सिलबन्दी खाम भित्रै) पेश गर्नु पर्ने छ । ग्राह्यता सम्बन्धि कागजातमा निम्न लिखित कागजातहरुको प्रतिलिपी समावेश गर्नु पर्ने छ ।

क) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र (नवीकरण सहित)

ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्बर (प्यान) को प्रमाण पत्र,

ग) आ.व.०७०/७१म्मको कर चुक्ता गरेको प्रमाण पत्र,

घ) सार्वजनि खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २ (ङ) संग सम्वन्धित घोषणा पत्र,

१५) सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवम्बमोजिम आर्थिक कार्य विधि ऐन २०५५ एवम् आर्थिक कार्यविधि नियमाबली २०६४ बमोजिम हुनेछ ।

१६) यो सचना विभागको वेभसाइड WWW. Doc.gov.np बाट पनि हेर्न सकिनेछ । सम्वन्धि विस्तृत जानकारीको लागी को फोन नं ०१४२४७९१२ मा सम्पर्क गर्न सकिने छ ।